सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक २९० ♦ २०८३ साल असार २२ सोमवार ♦ 6 July 2026 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५ ♦ www.shirishnews.com

# बजेट विवादले मधेश प्रदेशसभा अनिश्चितकालका लागि स्थगित, संशोधन नभएसम्म अवरोध जारी राख्ने विपक्षीको चेतावनी

खबर दर्पण समाचारदाता

**असार २१ गते, बर्दिवास**

आगामी आर्थिक वर्षको बजेटलाई लिएर उत्पन्न विवादका कारण मधेश प्रदेशसभा अनिश्चितकालका लागि स्थगित भएको छ। जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले बजेट संशोधनको माग गर्दै लगातार दुई दिन प्रदेशसभा अवरुद्ध गरेपछि बैठक अनिश्चितकालका लागि स्थगित गरिएको हो।




प्रतिपक्षी दलहरूले असार १८ गतेदेखि सदन अवरुद्ध गर्दै आएका छन्। अवरोधका कारण बजेटमाथिको सैद्धान्तिक छलफलसमेत अघि बढ्न सकेको छैन।

जसपा नेपालका प्रदेशसभा सदस्य उपेन्द्र महतोले सरकार ले प्रस्तुत गरेको बजेट त्रुटिपूर्ण, असन्तुलित तथा कार्यान्वयन गर्न नसकिने खालको रहेको दाबी गर्दै संशोधन नभएसम्म सदन सञ्चालन हुन नदिने चेतावनी दिए।

उनका अनुसार एउटै शीर्षकमा फरक-फरक प्रकृतिका पाँच-पाँचवटा योजना समावेश गरिएकाले बजेट कार्यान्वयनमा कानुनी र प्रशासनिक जटिलता सिर्जना हुनेछ। बजेट समानुपातिक ढंगले वितरण नगरिएको र सत्ता पक्ष तथा मन्त्री केन्द्रित भएको उनको आरोप छ।

पूर्वअर्थमन्त्री एवं जसपा नेपालका प्रदेशसभा सदस्य सञ्जय यादवले बजेटअघि एक करोड रुपैयाँभन्दा कमका योजना नल्याउने प्रतिबद्धता सरकारले जनाएको भए पनि रातो किताबमा एक हजार रुपैयाँसम्मका योजना समावेश गरिएको बताए। उनले यसलाई सरकारको आफ्नै प्रतिबद्धताविपरीतको कार्य भएको टिप्पणी गरे।

जनमत पार्टीका संसदीय दलका नेता चन्दन सिंहले बजेटले संघीयताको मर्ममाथि प्रहार गरेको आरोप लगाए। बजेटले वित्तीय अनुशासन कमजोर पार्ने र प्रदेशमा अस्थिरता निम्त्याउने दाबी गर्दै उनले सबै योजना मन्त्रालयमै केन्द्रित गरिएकाले जिल्लास्थित कार्यालयहरूको भूमिका कमजोर बनाइएको बताए।

पूर्वमुख्यमन्त्री लालबाबु राउतले पुराना प्रभावकारी कार्यक्रमलाई निरन्तरता नदिई टुक्रे योजनालाई एउटै शीर्षकमा राखेर बजेट ल्याइएको भन्दै त्यसले विकासलाई गति दिन नसक्ने बताए। उनले सरकारले आर्थिक अनियमितताको उद्देश्यले बजेट ल्याएको आरोप समेत लगाए।

पूर्वमुख्यमन्त्री तथा जसपा नेपाल संसदीय दलका नेता सरोजकुमार यादवले बजेट निर्माणमा पारदर्शिता नभएको आरोप लगाए भने अर्का पूर्वमुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले बजेटलाई अवैज्ञानिक, असन्तुलित तथा संघीयता विरोधी भएको टिप्पणी गरे।

प्रतिपक्षी दलहरूले चालु आर्थिक वर्षमा प्रदेशसभालाई जानकारी नदिई करिब चार अर्ब रुपैयाँ बराबरका योजना थपिएको, मन्त्रिपरिषद्को निर्णयबाट व्यापक रकमान्तर गरिएको तथा रातो किताबमा नभएका योजनाको समेत ठेक्का प्रक्रिया अघि बढाइएको आरोप लगाएका छन्।

अर्थशास्त्री डा. भोगेन्द्र झाले टुक्रे योजनालाई एउटै शीर्षकमा 'क्लबिङ' गरेर बजेटमा समावेश गर्नु अव्यावहारिक अभ्यास भएको बताए। बजेट पुस्तिका र कार्यक्रम पुस्तिकाबीच समेत पर्याप्त असमानता रहेको उल्लेख गर्दै उनले यस्तो बजेट प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने धारणा राखे।

अवकाशप्राप्त अर्थसचिव काशीराज दाहालले पनि फरक-फरक जिल्लाका योजनालाई एउटै शीर्षकमा समेट्ने अभ्यासले बजेट कार्यान्वयन जटिल बनाउने बताए। उपभोक्ता समितिमार्फत हुने अनियमितता रोक्ने उद्देश्य राम्रो भए पनि त्यसका लागि अपनाइएको विधि उपयुक्त नभएको उनको भनाइ छ।

यसैबीच, जसपा नेपालले जनलोकपाल आयोग र प्रदेश लोकसेवा आयोगमा गरिएको नियुक्ति कानुनविपरीत भएको दाबी गर्दै खारेज गर्न माग गरेको छ। मुख्यमन्त्री, सभामुख र प्रमुख प्रतिपक्षी दलका नेता रहने नियुक्ति समितिलाई जानकारी नै नदिई नियुक्ति गरिएको आरोप पार्टीले लगाएको छ।

त्यसैगरी, पोषणसम्बन्धी ठेक्का प्रक्रिया तथा रौतहट पूर्वाधार कार्यालयमार्फत गरिएको र कमान्तरको छानबिन गरी सम्बन्धित ठेक्का प्रक्रिया खारेज गर्न पनि विपक्षी दलहरूले माग गरेका छन्।

प्रतिपक्षी दलहरूले बजेट संशोधन गरी कार्यान्वयनयोग्य, सन्तुलित र पारदर्शी नबनाएसम्म प्रदेशसभाको अवरोध जारी रहने स्पष्ट पारेका छन्।

## पुनर्लेखन नभए प्रदेश सभामा टेबुल हुन दिँदैनौं : विपक्षी

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको बजेट सङ्घीयताको भावना विपरीत, असन्तुलित तथा एक जिल्ला केन्द्रित रहेको आरोप लगाउँदै प्रमुख प्रतिपक्षी दलहरूले बजेट पुनर्लेखन गर्न माग गरेका छन्। पुनर्लेखन नगरिए प्रदेश सभामा बजेट टेबुल हुन नदिने चेतावनीसमेत दिएका छन्।

बाँकी पृष्ठ ३ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# असार लागेपछि मधेश प्रदेशको खर्चमा तीव्र वृद्धि : १८ दिनमै ३ अर्ब ३२ करोड रुपियाँ खर्च

**अजयकुमार साह**

**असार २१ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको पहिलो ११ महिनामा ९ अर्ब ९७ करोड रुपियाँ खर्च गरेकामा आर्थिक वर्षको अन्तिम महिना असार सुरु भएयता १८ दिनमै थप ३ अर्ब ३२ करोड रुपियाँ खर्च गरेको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार असार १८ गतेसम्म प्रदेश सरकारले कुल १३ अर्ब २९ करोड ६६ लाख ६८ हजार १६४ रुपैयाँ खर्च गरेको छ, जुन कुल विनियोजित बजेटको २८.३० प्रतिशत हो। जेठ मसान्तसम्म खर्च २१.२४ प्रतिशत अर्थात् करिब ९ अर्ब ९७ करोड रुपैयाँमा सीमित रहेकामा त्यसयता १८ दिनमै थप ७.०६ प्रतिशत अर्थात् करिब ३ अर्ब ३२ करोड रुपियाँ निकासा भएको तथ्याङ्कले देखाएको छ।

आर्थिक वर्षको अन्तिममा हुने 'असारे खर्च' पुनः दोहोरिएसँगै बजेट कार्यान्वयन, सरकारी संयन्त्रको कार्यक्षमता तथा खर्चको गुणस्तरबारे प्रश्न उठ्न थालेको छ।

कार्यालयका सूचना अधिकारी निरेन्द्रलाल कर्णका अनुसार हालसम्म चालुतर्फ ६ अर्ब ७२ करोड ८८ लाख तीन हजार ९९९ रुपियाँ अर्थात् ४३.०२ प्रतिशत तथा पुँजीगततर्फ ६ अर्ब ५६ करोड ७८ लाख ६४ हजार १६५ रुपियाँ अर्थात् २०.९६ प्रतिशत बजेट खर्च भएको छ। जेठ मसान्तसम्म चालुतर्फ ३६.२२ प्रतिशत र पुँजीगततर्फ १३।७६ प्रतिशत मात्रै खर्च भएको थियो। असार लागेपछि दुवै शीर्षकमा खर्चको गति उल्लेख्य रूपमा बढेको देखिएको छ।

तथ्याङ्कअनुसार वर्षभर योजना कार्यान्वयनमा सुस्त देखिएको प्रदेश सरकार अन्तिम महिनामा ठूलो रकम भुक्तानी गर्न केन्द्रित भएको देखिन्छ। सार्वजनिक वित्त व्यवस्थापनका जानकार हरूले यस्तो प्रवृत्तिले खर्चको गुणस्तर, पारदर्शिता र प्रभावकारितामा असर पार्ने तथा हतारमा गरिने भुक्तानीले विकास आयोजनाको गुणस्तरसमेत प्रभावित हुन सक्ने भन्दै सुधार को आवश्यकता औंल्याउँदै आएका छन्।




मन्त्रालयगत खर्चतर्फ अर्थ मन्त्रालयले सबैभन्दा बढी ५३.७१ प्रतिशत बजेट खर्च गरेको छ। सबैभन्दा कम खर्च गर्ने मन्त्रालय खेलकुद तथा समाज कल्याण मन्त्रालय रहेको छ, जसले हालसम्म ९.९३ प्रतिशत मात्रै बजेट खर्च गर्न सकेको छ।

त्यस्तै वन तथा वातावरण मन्त्रालयले ४६.३८ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयले ३८.९७ प्रतिशत, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ३६.२९ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३१.२१ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले २८.७९ प्रतिशत, गृह, सञ्चार तथा कानुन मन्त्रालयले २८.५६ प्रतिशत तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले २८.३६ प्रतिशत बजेट खर्च गरेका छन्।

यस्तै शिक्षा तथा संस्कृति मन्त्रालयको खर्च २६.४७ प्रतिशत, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको १९.६० प्रतिशत तथा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको ११.०२ प्रतिशत रहेको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

सूचना अधिकारी कर्णका अनुसार प्रदेश सरकारका विभिन्न योजना तथा कार्यक्रमको भुक्तानी असार २५ गतेसम्म हुने भएकाले आगामी केही दिनमा खर्चको प्रतिशत अझै बढ्ने सम्भावना रहेको छ।

# धनुषामा बोक्सी कुप्रथा कुरीति विरुद्धमा जनचेतनामूलक कार्यक्रम सम्पन्न

**खबर दर्पण समाचारदाता**

**असार २१ गते, बर्दिवास**

धनुषामा बोक्सी प्रथा न्यूनीकरण तथा अन्धविश्वासविरुद्ध सचेतना फैलाउने उद्देश्यले आज भव्यतापूर्वक जनचेतनामूलक कार्यक्रम सम्पन्न भएका छन् ।

यसै कार्यक्रमको प्रमुख अतिथिय जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले आज जनकपुरधाम उपमहानगरपालिका वडा नं.४ को प्रसिद्ध मोडेल मल्टीपल कलेजमा हस्ताक्षर सहित समान गरि कार्यक्रमलाई सम्पन्न गरिएको हो ।

तह, प्रशासन, प्रहरी तथा आम नागरिक विभिन्न सँग संस्थाहरुले समाजको समुदायस्तरमै गएर सचेतना अभिवृद्धि बोक्सी कूप्रथाजस्ता कुरीति विरुद्धको सामाजिक अभियानलाई थप सशक्त पार्नुपर्ने सिडीयो को भनाइ रहेका छन् ।

उहाँले बोक्सी आरोपका नाममा हुने हिंसा, विभेद र अमानवीय व्यवहार कानुनतः दण्डनीय अपराध भएको उल्लेख गर्दै अन्धविश्वास अन्त्यका लागि सामूहिक प्रयास आवश्यक रहेको बताएका थिए।

कार्यक्रममा कार्यक्रमको केन्द्रीय अध्यक्ष कोविद शरण उपाध्यायले धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलाई दौसाला ओडाएर सम्मान , गरिएका छन् । बोक्सी कुप्रथाको नाममा हुने अमानवीय व्यवहार अन्त्य गर्न र अन्धविश्वास हटाउने सम्बन्धमा लाम्रो समयदेखि सञ्चार छेत्रबाट कलम चलाउदै आएको धनुषाका सहक्रिय पत्रकार इन्द्र भूषण यादवलाई मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठान नेपाल र धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले दौसाला ओडाएर समान गरि प्रमाण पत्र हस्तान्तरण गरेर बधाई तथा शुभकामना पनि दिएका छन् । यसै संस्थाका सल्लाहकारका रुपमा रहेका मुरली मनोहर मिश्रलाई पनि दौसाला ओडाएर प्रमाण पत्र सहित समान गरिएका छन् ।

मान्छे कहिल्यै बोक्सी हुँदैन राष्ट्रिय जागरण प्रतिष्ठान नेपालद्वारा आजोजित जनचेतनामूलक कार्यक्रमका केन्द्रीय अध्यक्ष तथा अभियन्ता कोविदशरण उपाध्यका अनुसार विगत दुई वर्षमा मधेश प्रदेशका रौतहट, धनुषा , महोत्तरी र पर्सा जिल्लाका १४ स्थानमा बोक्सी आरोपसँग सम्बन्धित घटना भएको थियो ।

ती घटनालाई मध्यनजर गर्दै प्रभावित क्षेत्रमा हामी पुगेर शिक्षा चेतना तथा वृत्तचित्र प्रदर्शन गरि धनुषामा पनि कार्यक्रम गरि आज सम्पन्न गरिएको हो ।

उहाँका अनुसार अभियान अन्तर्गत बोक्सी सम्बन्धी कुप्रथा विरुद्ध जनचेतना फैलाउनुका साथै बोक्सी सम्बन्धी ( कसुर र सजाय ) ऐन , २०७२ बारे पनि सर्वसाधारण सहित विद्यार्थीलाई जानकारी गर ाईएको छ। आगामी दिनमा देशभर करिब दुई सय स्थानमा यस्ता कार्यक्रम विस्तार गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो ।

मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठान नेपालको संस्था को अध्यक्ष कोविद शरण उपाध्यायको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी , जिल्ला प्रशासन कार्यालयका एसपी , जनकपुर उपमहानगरपालिका वडा नं. ४ का वडा अध्यक्ष सुरेश झा , साहेक कर्मचारी निलु झा , त्यहीँ वडाका वडावासी , कर्मचारी , मोडेल मल्टीपल कलेजका विद्यार्थी , शिक्षक , सञ्चारकर्मी लगाईत यश कार्यक्रमका प्राविधिक नराईन देवकोटा तथा कार्यक्रममा प्रहरी , स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, समाजसेवी तथा सर्वसाधारणहरुको उपस्थिति रहेको थियो।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

## पुनर्लेखन नभए प्रदेश .....

जनता समाजवादी पार्टी (नेपाल) र जनमत पार्टीले आइतबार जनकपुरधाममा संयुक्त पत्रकार सम्मेलन गरी वर्तमान सरकार ले ल्याएको बजेट अव्यावहारिक, टुक्रे योजना केन्द्रित तथा कार्यान्वयन गर्न नसकिने प्रकृतिको रहेको भन्दै संशोधन वा पुनर्लेखन आवश्यक रहेको बताएका हुन्।

पत्रकार सम्मेलनमा मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले बजेटमा एक करोड रुपैयाँभन्दा ठूला योजनाभन्दा पाँच लाख रुपैयाँसम्मका साना-साना योजना बढी समावेश गरि एको र एउटै शीर्षकअन्तर्गत विभिन्न जिल्लामा योजना वितरण गरिएकाले प्रभावकारी कार्यान्वयन सम्भव नहुने बताए। उनले यस्तो बजेटबाट प्रदेशको समग्र विकासको लक्ष्य हासिल हुन नसक्ने भन्दै सरकारले पुनर्विचार गर्नुपर्ने धारणा राखे।

अर्का पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले बजेट सङ्घीयताको मर्म, प्रदेश सरकारको उद्देश्य तथा जनअपेक्षाअनुसार नआएको दाबी गर्दै यसले प्रदेशको विकासभन्दा सङ्घीय प्रणालीप्रतिको विश्वास नै कमजोर बनाउने टिप्पणी गरे। उनले बजेटलाई व्यावहारिक, सन्तुलित र कार्यान्वयनयोग्य बनाउन पुनर्लेखन गर्नुपर्ने बताए।

पूर्वमुख्यमन्त्री तथा जसपा नेपाल संसदीय दलका नेता सरोजकुमार यादवले सरकारले रौतहट केन्द्रित बजेट ल्याएको आरोप लगाउँदै यस्तो असन्तुलित बजेट स्वीकार्य नहुने स्पष्ट पारे।

जनमत पार्टीका संसदीय दलका नेता चन्दन सिंहले सत्ता गठबन्धनले ल्याएको बजेट सङ्घीयता विरोधी रहेको आरोप लगाउँदै विपक्षी दलहरूले प्रदेश सभामा यसको प्रक्रिया अघि बढ्न नदिने चेतावनी दिए।

पूर्वअर्थमन्त्री सञ्जयकुमार साहले ४९ अर्ब रुपैयाँको बजेट प्रस्तुत गरिए पनि त्यसको स्रोत सुनिश्चित नभएको दाबी गरे। प्रदेश सरकारले आन्तरिक राजस्वबाट ११ अर्ब रुपैयाँ उठाउने लक्ष्य राखे पनि त्यो यथार्थपरक नरहेको उनको भनाइ थियो। उनले सरकार विकास निर्माणभन्दा कर्मचारी सरुवा र बढुवामै बढी केन्द्रित भएको आरोपसमेत लगाए।

प्रदेशसभा सदस्य उपेन्द्र महतोले पनि बजेट एक जिल्ला केन्द्रित रहेको आरोप दोहोर्याउँदै संशोधन वा पुनर्लेखन नगरेसम्म स्वीकार नगर्ने अडान व्यक्त गरे।

पत्रकार सम्मेलनमा पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले बजेटप्रति राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले समेत समर्थन जनाएको जानकारी दिए।

विपक्षी दलहरूले बजेटमा व्यापक सुधार नभएसम्म प्रदेश सभाको बजेटसम्बन्धी प्रक्रिया अवरुद्ध गर्ने चेतावनी दिएका छन्।

# बर्दिबासका ३१० परिवारलाई विद्युतीय चुल्हो वितरण

**खबर दर्पण समाचारदाता**

**असार २१ गते, बर्दिवास**



महोत्तरीको बर्दिवास नगर पालिका-२ बुद्धचोकका ३१० परिवारलाई लागत साझेदारी कार्यक्रमअन्तर्गत विद्युतीय चुल्हो वितरण गरिएको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, बर्दिवास नगरपालिका र लाभग्राहीको साझेदारीमा सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत दोस्रो चरणमा चुल्हो वितरण गरिएको हो।

वडा कार्यालयको आयोजनामा भएको कार्यक्रममा बर्दिवास नगरपालिकाका नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीले लाभग्राहीलाई विद्युतीय चुल्हो हस्तान्तरण गर्नुभयो।

सो अवसरमा उहाँले परम्परागत चुल्होको प्रयोगले स्वास्थ्यमा नकारात्मक असर पार्ने भएकाले नागरिकलाई स्वच्छ, सुरक्षित र आधुनिक प्रविधिसँग जोड्ने उद्देश्यले विद्युतीय चुल्हो वितरण कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो।

स्वस्थ नागरिकबाट मात्रै समृद्ध नगरपालिका निर्माण सम्भव हुने उल्लेख गर्दै उहाँले स्वदेशमै उत्पादन भएको विद्युत्को उपयोग बढाई आयातित एलपी ग्यासको खपत घटाउनुपर्नेमा जोड दिनुभयो।

नगरप्रमुख क्षेत्रीले ज्येष्ठ नागरिकसहित सबैको स्वास्थ्य र सरसफाइमा विशेष ध्यान दिन आग्रह गर्दै विद्युतीय चुल्हो वातावरणमैत्री, सुरक्षित र एलपी ग्यासको तुलनामा कम खर्चिलो भएकाले यसको अधिकतम प्रयोग गर्न अनुरोध गर्नुभयो।

वडा अध्यक्ष श्यामराजा सिंहले नयाँ प्रविधिको प्रभावकारी प्रयोगका लागि जनचेतना र तालिम आवश्यक रहेको बताउनुभयो।उहाँले विद्युतीय चुल्होको प्रयोग विस्तार गर्न विद्युत् महसुलमा समेत सहुलियतको व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रकी सामाजिक परिचालक कल्पना नेपालीका अनुसार विद्युतीय चुल्हो वितरणमा हरित जलवायु कोषको १० प्रतिशत, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको ४८ प्रतिशत, स्थानीय तहको १९ प्रतिशत तथा उपभोक्ताको २३ प्रतिशत लागत साझेदारी रहेको छ।

उहाँका अनुसार चालु आर्थिक वर्षमा वर्दिवास नगर पालिकाबाट तीन हजार ४२५ विद्युतीय चुल्होको माग प्राप्त भएको छ। पहिलो चरणमा नगरका १४ वटै वडाका ५२६ परिवारलाई चुल्हो वितरण गरिएको थियो।

दोस्रो चरणमा वडा नं.१, २, ३, ४, ५ र १४ का एक हजार ७७४ परिवारलाई वितरण गरिने कार्यक्रम रहेको छ।यससँगै चालु आर्थिक वर्षमा दुई हजार ३०० परिवारलाई विद्युतीय चुल्हो उपलब्ध गराइनेछ भने बाँकी लाभग्राहीलाई आगामी आर्थिक वर्षमा समेटिने जनाइएको छ। कार्यक्रमअन्तर्गत प्रतिचुल्होको लागत करिब तीन हजार ८०० रुपियाँ रहेकामा उपभोक्ताले ८६५ रुपियाँ योगदान गर्नुपर्ने व्यवस्था गरिएको छ।वडा नं.२ मा दोस्रो चरणअन्तर्गत ३१० थान विद्युतीय चुल्हो वितरण गरिएको छ।

अपुग लाभग्राहीलाई आगामी आर्थिक वर्षमा समेत कार्यक्रमलाई निरन्तरता दिइने नगरपालिकाले जनाएको छ।ग्यासको अभाव झेलिरहेका गरिब, दलित तथा पिछडिएका समुदायलाई लक्षित गरी यो कार्यक्रम ल्याइएको नगर प्रमुख प्रहला क्षेत्रीले बताउनुभयो ।

विद्युतीय चुल्होको प्रयोगले आर्थिक भार कम हुने र वातावरण संरक्षणमा समेत टेवा पुग्ने विश्वास रहेको उहाँको भनाइ छ ।स्वदेशी विद्युत्को खपत वृद्धि, आयातित इन्धनमा निर्भरता न्यूनीकरण, वातावरण संरक्षण तथा नागरिकको स्वास्थ्य सुधारमा कार्यक्रमले सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

गौशाला नगरपालिका, महोत्तरी

# उच्च अदालत जनकपुरमा दुई वर्ष नाघेका सबै मुद्दा फछ्र्योट, पुराना मुद्दा शून्यमा



**खबर दर्पण समाचारदाता**

**असार २१ गते, बर्दिवास**

उच्च अदालत जनकपुरले दुई वर्षभन्दा बढी समयदेखि विचाराधीन रहेका सबै मुद्दा टुंग्याउँदै पुराना मुद्दाको संख्या शून्यमा झारेको छ।

अदालतले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को असार १९ गतेसम्मको प्रगति विवरणअनुसार दुई वर्ष नाघेका कुनै पनि मुद्दा अब विचाराधीन छैनन्। हाल १८ महिनादेखि दुई वर्ष अवधिका १३ वटा तथा एक वर्षदेखि डेढ वर्ष अवधिका ३८७ वटा मुद्दा मात्रै बाँकी रहेका छन्।

अदालतले पुराना मुद्दाको फछ्र्योटलाई उच्च प्राथमिकतामा राख्दै उल्लेखनीय सफलता हासिल गरेको जनाएको छ।

प्रगति विवरणअनुसार चालु आर्थिक वर्षमा जिम्मेवारी सरी आएका २ हजार २६७ र नयाँ दर्ता भएका ४ हजार १६१ गरी कुल ६ हजार ४२८ मुद्दा अदालतमा रहेका थिए। तीमध्ये असार १९ गतेसम्म ४ हजार ३३० वटा मुद्दा फछ्र्योट भइसकेका छन् भने २ हजार ९८ वटा मुद्दा अझै विचाराधीन छन्।

अदालतका रजिस्ट्रार विश्वजंग सिजापतिका अनुसार जिम्मेवारी सरी आएका २ हजार २६७ मुद्दामध्ये २ हजार ४७ वटा टुंगिएका छन् भने २२० वटा बाँकी छन्। त्यसैगरी, नयाँ दर्ता भएका ४ हजार १६१ मुद्दामध्ये २ हजार २८३ वटा फछ्र्योट भइसकेका छन् भने १ हजार ८७८ वटा मुद्दा विचाराधीन छन्।

चालु आर्थिक वर्षका लागि अदालतले ४ हजार ५४६ वटा मुद्दा फछ्र्योट गर्ने लक्ष्य निर्धारण गरेको थियो। असार १९ गतेसम्म ४ हजार ३३० वटा मुद्दा टुंगिएसँगै लक्ष्यको ९५.२४ प्रतिशत प्रगति हासिल भएको अदालतले जनाएको छ।

मुद्दा फछ्र्योटका हिसाबले कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरको इजलास सबैभन्दा अगाडि रहेको छ। उनको इजलासबाट १ हजार ३१० वटा मुद्दा फछ्र्योट गरिएको छ।

त्यसपछि न्यायाधीश टीकाराम आचार्यले १ हजार ११५, जगदीश घिमिरेले ९४६, राजुराम सिलवालले ८९६, कृष्णप्रसाद सुवेदीले ८४६, कैलासप्रसाद सुवेदीले ८२६, फुर्पा तामाङले ७२३, मुरारीबाबु श्रेष्ठले ६८४, कमलप्रसाद पोखरेलले ६५९ तथा श्यामकुमार भट्टराईले ५७८ वटा मुद्दा फछ्र्योट गरेका छन्।

उच्च अदालत जनकपुरले पुराना मुद्दाको चाप घटाउँदै समयमै न्याय सम्पादनलाई प्रभावकारी बनाउने दिशामा उल्लेखनीय उपलब्धि हासिल गरेको जनाएको छ।

# गौशालामा रुख ढल्दा घाइते एक जनालाई हेलिकप्टरबाट काठमाडौं लगियो



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**असार २१ गते, महोत्तरी**

महोत्तरीको गौशाला नगर पालिका–८ भण्टाबारीस्थित रहेको ब्रह्मस्थान मन्दिरको सार्वजनिक जग्गामा रहेको भिस (मसला)को रुख काट्ने क्रममा ढल्दा एक जना गम्भीर घाइते हुनुभएको छ।

आइतबार बिहान करिब ८:१५ बजे रामबाबु महतोले ठेक्कामा लिएको उक्त रुख उहाँका २४ वर्षीय छोरा करण महतोले काट्ने क्रममा अनियन्त्रित रूपमा ढलेर बाटोबाट हिँडिरहनुभएका स्थानीय ५५ वर्षीय रघुनाथ महतोमाथि खसेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

रुखले लाग्दा रघुनाथ महतोको टाउको र घाँटीमा गम्भीर चोट लागेको प्रहरीले जनाएको छ। उहाँलाई तत्काल गौशालास्थित एक निजी पोलिक्लिनिकमा पुऱ्याई प्राथमिक उपचार गरिएको थियो। स्वास्थ्य अवस्था जटिल भएपछि गौशाला नगर पालिका–५ स्थित त्रिभुवन नमुना माध्यमिक विद्यालयको प्राङ्गणमा हेलिकप्टर अवतरण गराई थप उपचारका लागि काठमाडौं पठाइएको प्रहरीले जनाएको छ।

घटनापछि रुखको ठेक्का लिएका रामबाबु महतोलाई प्रहरीले नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय गौशालामा राखेको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।


**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस्!**

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

मिथिला नगरपालिका, धनुषा

**सन्तुलित जनसंख्याः विकासको आधार**

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर–किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

**स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।**

मटिहानी नगरपालिका, महोत्तरी



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,